## कार्यालय प्रमुखको वैठकको निर्णय (२०८३ कार्तिक १० गते)

१. यस अघि कार्यालय प्रमुख वैठकबाट भएका निर्णयहरुको कार्यान्वयनबारे समिक्षा गरियो ।

२. सरकारी कार्यालय तथा सार्वजनिक निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई छिटोछरितो, झन्झटरहित तथा विचौलियामुक्त बनाउनका लागि सबै कार्यालयहरुले आवश्यक व्यवस्था मिलाउने ।

३. नेपालीहरुको महान पर्व तिहार (शुभ दिपावली) तथा छठका शुभअवसरमा परम्परागत मौलिक संस्कृति र मान्यताहरुलाई आत्मसात गरी सामाजिक तथा धार्मिक सद्भाव कायम गर्दै समस्त जिल्लावासीहरुमा सुस्वास्थ्य र दीर्घायूको कामनाका साथ शुभकामना आदान प्रदान गर्ने ।

४. तिहार तथा छठ पर्वका अवसरमा हुने लामो विदाको अवधिमा दैनिक जनजीवनसँग प्रत्यक्ष सरोकार राख्ने तथा अत्यावश्यक सेवासँग जोडिएका अस्पताल स्वास्थ्यसँस्था, विद्युत, खानेपानी, दूरसञ्चार, खाद्यान्न आपूर्ति, सरसफाई तथा फोहोरमैला व्यवस्थापन जस्ता विषयसँग सम्बन्धित निकायहरुले सहज रुपमा निरन्तर सेवा प्रदान गर्ने व्यवस्थाको सुनिश्चितता तत् तत् निकायका प्रमुखहरुले गर्ने ।

५. नेपाल मौसम विज्ञान विभागले आगामी साता भारी वर्षा हुनसक्ने भनी पूर्वानुमान गरेको हुँदा जिल्ला सम्बन्धित कार्यालयहरु एवं सबै स्थानीय तहहरुले सो सम्बन्धी पूर्वसतर्कता अपनाउनका लागि आवश्यक सूचना सम्प्रेषण गरी सम्भावित क्षति न्यूनीकरणका लागि आवश्यक व्यवस्था मिलाउने ।

६. दिपावलीको अवसरमा लामो समयसम्म सार्वजनिक विदा परेका कारण कार्यालयहरु बन्द हुने भएकाले सबै कार्यालयहरुले उक्त अवधिमा पालो पहरा तोकी आ-आफ्नो कार्यालयको उचित सुरक्षा व्यवस्था मिलाई सोको जानकारी जिल्ला प्रशासन कार्यालय र नजिकको सुरक्षा निकायमा पठाउने ।

७. सार्वजनिक विदाको समयमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण कार्यका लागि थप गस्ती समेत गर्नुपर्ने हुँदा जिल्ला प्रशासन कार्यालयबाट माग भएको अवस्थामा कार्यालयको सवारीसाधन चालक र इन्धन सहित जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराउने ।

८. नेपाल प्रहरी प्रधान कार्यालयद्वारा ७१ औं प्रहरी दिवसको अवसरमा नेपाल प्रहरी कार्य दक्षता मूल्यांकन, २०८३ मा जिल्ला प्रहरी कार्यालय, रुपन्देही देशभरमा सर्वोत्कृष्ट भएकोमा हार्दिक वधाई ज्ञापन गर्ने ।

प्रमुख जिल्ला अधिकारी